प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद
**सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी, कैलाली
फोन : ०९१-४१२१८८, Email: ctevtsppo@gmail.com, website: ctevtsppo.org.np

***शैक्षिक-सत्र २०७६।०७७मा डिप्लोमा । प्रमाण-पत्र तहको कार्यक्रम अनुसार पूर्ण शुल्कीय तहको नतिजा प्रकाशन एवम मुख्य परीक्षार्थि (Main Candidate) का रुपमा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिस भएका शिक्षण संस्थाहरुमा भर्ना हुन जाने सम्बन्धी जरूरी सूचना ( प्रकाशित मितिः २०७६।०४।२९)***

प्राविदिक सिक्षा तथा ब्यावसायिक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय को मिति २०७६।०३। २१ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालयको च.नं. ८४६ मिति २०७६।०३।१६ गतेको पत्रबाट प्रापत अख्तियारी बमोजिम शै.स. २०७६।०७७ को डिप्लोमा।प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रमहरुमा पूर्ण शुल्कीय कोटाहरुमा छनौटका लागि सम्बन्धित शिक्षण संस्थाहरुमा आवेदन फारम भरी सुदूरपश्चिम प्रदेश अन्तर्गत बिभिन्न परीक्षा केन्द्रहरुमा मिति २०७६।०४।२२ गते बिहान ७.०० बजे देखी संचालित प्रवेश परीक्षमा उपस्थित भएका परीक्षार्थि हरु मध्ये परिषदबाट संचालित सम्बन्धन स्वीकृती प्राप्त शिक्षण संस्थाहरुको कोटा र लक्षितबर्गका मुख्य परीक्षार्थीहरुको नाम रशिक्षण संस्था सहित डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति बितरण एबम् भर्ना सम्बन्धी निर्देशिका २०७४ (दोश्रो संशोधन सहित) बमोजिम योग्यताक्रम अनुसार सिफारिश भई पूर्ण शुल्कीय कार्यक्रमको नतिजा प्रकाशन उपसमितिको निर्णय अनुसार प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद, परीक्षा नियन्त्रण कार्यालय बाट नतिजा प्रकासित गरिएको ब्यहोरा सम्बन्धीत सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ। नतिजाको बिवरण www.ctevt.org.np र www.ctevtsppo.org.np मा राखिएको छ।

सिफारिस भएका मुख्य परीक्षार्थीहरुले नतिजा डाउनलोड गरी तोकिएको शिक्षण संस्थामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७६।०५।१० गते कार्यालय समय) भित्र भर्ना भई सक्नु पर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना सम्बन्धी निर्देशिका २०७४ मा उल्लेख भए बमोजिमका आवश्यक सवै कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेश-पत्र, र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी परिषद को वेभ साइटमा प्रकाशित नतिजा बिवरण अनुसारका आफ्नो सिक्षण संस्थामा सिफारिस भएका परीक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा अन्य आवश्यक कागजातहरु भर्ना सम्बन्धी निर्देशिकाको बुंदा नं. ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्बन्धित संस्था प्रमुखको हुने हुँदा सोहि अनुसार तोकिएको म्याद भित्र भर्ना गर्न गराउन हुन यसै सूचना द्वारा जानकारी गराईन्छ।उल्लेखित म्याद भित्र परीक्षार्थी भर्नाहुन नआई कोटा रिक्त रहन गएमा पूर्णशुल्कीय कोटाहरुमा डिप्लोमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति बितरण एबं भर्ना सम्बन्धी निर्देशिका २०७४ (संशोधन सहित)को बुंदा नं. ६ को च, छ, अ, आ र ई बमोजिम बैकल्पिक सुचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सोही बमोजिम सोही बमोजिम प्रकृया पुरा गरेर मात्र भर्ना गराउनुहुन जानकारी गराईन्छ। प्रकृया र कागजात नपुगेको परीक्षार्थीको भर्ना स्वतः रद्द हुनेछ।

SEE को स्तरोन्नती परीक्षामा सामेल भई बिभिन्न शैक्षिक कार्यक्रममा र्नाको लागि मुख्य परीक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुले SEE को परीक्षामा तोकिएको न्यूनतम ग्रेड प्राप्त नगरेमा भर्ना स्वतः रद्दहुने शर्तमा कबुलियत गराई ईच्छुक परीक्षार्थीलाई भर्ना गर्नुहुन अनुरोध छ। सम्बन्धित शिक्षण संस्थाहरुले भर्ना सम्बन्धी प्रकृया नपु-याई पूर्णशुल्कमा भर्ना गरेको पाईएमा भर्ना सम्बन्धी निर्देशिका २०७४ को बुदा नं. ६ (छ) र (इ) बमोजिम भईजाने ब्यहोरा समेत सूचित गरीन्छ।

*नोटः १. सम्बन्धित संस्थाहरुले प्रवेश परीक्षा बापत परिषद प्रदेश कार्यालयलाई बुझाउने सुल्क तिरेको रसिद संलगन गरी प्रदेश कार्यालय बाट प्रवेश परीक्षाको नतिजा बुझिलिई बिद्यार्थी रजिष्ट्रेशन गर्दा उक्त नतिजाको प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नु पर्ने छ।*
*२. यो सूचना CTEVT को web site www.ctevt. Org.np र सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको www. Ctevtsppo.org.np मा राखिएको छ।*